तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

कार्यपालिका बैठक संख्या १७/०७८/०७९ (१२७) मिति २०७९/०३/०८ गते ।

प्रस्तावहरुः

१. आ.व. २०७९/०८० को करका दर रेट सम्बन्धमा सामाजिक संजाल तथा अनलाईनमा प्रकाशित भ्रमपूर्ण समाचार खण्डन सम्बन्धमा।

२. आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं.-१

- मिति २०७९ आषाढ ५ गते तिलोत्तमा नगरपालिकाको बैठकमा राजश्व परामर्श समितिद्धारा पेश गरिएको करका दर रेट सम्बन्धमा विभिन्न चरणमा छलफल हुँदा आर्थिक वर्ष ०७९/०८० मा कुनै पनि करका दर परिवर्तन नगर्ने विषय कार्यपालिका बैठकमा सर्व सम्मत निर्णय भएकोमा विभिन्न अनलाईन मिडिया तथा सामाजिक संजालमा सामूहिक निर्णय विपरितका समाचार र टिप्पणीहरु सम्प्रेशित र प्रकाशित भएकोमा तिलोत्तमा नगर कार्यपालिका बैठकको गम्भिर ध्यानाकर्षण भएको छ । करका दरहरु परिवर्तन नगर्ने विषय नेपाली काग्रेस र नेकपा (एमाले) को तर्फबाट निर्वाचित सबै कार्यपालिकाका जनप्रतिनिधिको सर्वसममत निर्णय भएको कुरा सबैमा जानकारी गराउँदै निर्णय विपरितका सम्पूर्ण प्रकाशित समाचार र टिप्पणी प्रति आज मिति मिति २०७९ आषाढ ८ गते बसेको कार्यपालिकाको बैठकले खण्डन गर्ने निर्णय गरियो ।

निर्णय नं.-२

- नगर प्रमुखज्यूबाट आगामी नगरसभामा प्रस्तुत गर्ने आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम माथि गहन छलफल गरियो । उक्त नीति तथा कार्यक्रम स्वीकृतीका लागि मिति २०७९/०३/०९ गते आव्हान गरिएको नगरसभामा पेश गर्ने निर्णय गरियो ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख